# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, फागुन २ गते २०४५ साल (संख्या ४३


## भाग ४

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४५।८।२९ को निर्णयानुसार खण्ड ३८, अतिरिक्ताङ्क ६ (क), मिति २०४५।२।५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन भएका मोरङ जिल्ला लगायतका विभिन्न वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरूको काम, कर्तव्य, अधिकारको क्र.सं. (१७) अन्तर्गत उल्लेख भएको मोल (दर्ता दस्तुर) सम्बन्धी व्यवस्थाको सट्टा देहायबमोजिमको मोल (दर्ता दस्तुर) सम्बन्धी व्यवस्था राखिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| जग्गाको किसिम | रजिष्ट्रेशन पारित गर्दा कायम गरिएको न्यूनतम मूल्यको ग्रामीण क्षेत्र | रजिष्ट्रेशन पारित गर्दा कायम गरिएको न्यूनतम मूल्यको शहरी क्षेत्रमा |
|---|---|---|
| १. पहिले चलनपूर्जी पाएका र नापी हुँदा जनिएको तर दर्ता नभएको ऐलानी जग्गा | १५ प्रतिशत | ३० प्रतिशत |
| २. नापी हुँदा पर्ति जनिएको जग्गा र वनक्षेत्रको जग्गा अतिक्रमण भएको र वनले सिमाना सारेपछि खाली हुन आएको जग्गा | २५ प्रतिशत | ५० प्रतिशत |

२५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. डँडेल्धुराको हकमा साबिक दर्ताको जग्गा दर्ता गर्ने विषय छूट दर्तासम्बन्धी कार्यभित्र पर्ने देखिन आएकोले सोसम्बन्धी कार्य मालपोत विभागबाट हुनुपर्ने ।

४. कञ्चनपुरको हकमा महेन्द्रनगर नगर पञ्चायत क्षेत्रभित्र महेन्द्रनगर नगर विकास समितिको वि. ६३८–६–८ क्षेत्रफललाई मात्र शहरी क्षेत्र मान्ने र त्यसबाहेकको जग्गा नगर पञ्चायत क्षेत्रभित्र परे पनि त्यसको मोल गाउँ पञ्चायत क्षेत्रमा तोकिएको मोल अनुसार लिने ।

जग्गा दर्ता हुँदा नै एकमुष्ट बुझाएमा २५ प्रतिशतसम्म छूट दिने एकमुष्ट बुझाउन नसक्नेलाई १ नं. को किसिमको जग्गालाई ३ किस्ता गरी पहिलो किस्ता शुरू दर्ता हुँदैमा लिने र बाँकी २ किस्ता २ वर्षमा असूल गर्ने र २ नं. को किसिमको जग्गालाई ५ किस्ता गरी पहिलो किस्ता शुरू दर्ता हुँदैमा लिने र बाँकी ४ किस्ता ४ वर्षमा असूल गर्ने । यसरी किस्ताबन्दीमा दर्ता भएको जग्गा किस्ता चुक्ता नगरेसम्म खरीद बिक्री वा अरू कुनै किसिमले अरूलाई हस्तान्तरण गर्न नपाउने गरी सो जग्गाको लालपूर्जासमेत धितोस्वरूप लिने र अन्तिम किस्तासम्ममा पनि चुक्ता नगरेमा जग्गा लिलाम हुने व्यवस्थासमेत गर्ने ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४५।८।२९ को निर्णयानुसार सुर्खेत जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले जग्गाको मोल दस्तूर लिने सम्बन्धमा प्रति बिगाहा रू. ६००।– (छ शय) मूल्य कायम गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०४५।६।२१ को निर्णयानुसार नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहका रा.प. प्रथम श्रेणी (प्रा.) वन विभागको पुल दरबन्दीमा रहनु भएका श्री प्रल्हादकृष्ण मानन्धरलाई नि. से.नि., २०२१ को नियम १०. ६ को कसूरमा सोही नियमावलीको नियम १०. १(५) बमोजिम मिति २०४३।८।१६ गतेदेखि नै लागू हुने गरी भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुँजेली
श्री ५ को सरकारको सचिव

382



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।